लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा, मकवानपुर

## नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

**सूचना नं. ३३/०८०-८१ , मिति २०८०/०५/१५**

लोक सेवा आयोग, हेटौंडा कार्यालयले सञ्चालन गर्ने नेपाली सेनाको मिति २०८०/०१/०८ गते प्रकाशित विज्ञापन नं. ०७९/८०/६९ (खुला तथा समावेशी), सैन्य पदमा **श्री नयाँ सबुज गण, भरतपुर व्यारेक, चितवन**बाट लिखित परीक्षाका लागि छनौट भएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम निम्न मिति, समय र स्थानमा निम्नानुसारको परीक्षा भवनमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन । तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा २ (दुई) घण्टा अगावै पुग्नु पर्नेछ । परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

**लिखित परीक्षा कार्यक्रम**

| विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|
| अंग्रेजी, नेपाली, गणित र सामान्यज्ञान | वस्तुगत तथा विषयगत | २०८०/०५/३० गते दिनको १:०० बजे | २ घण्टा ३० मिनेट |

**परीक्षा भवन**

| क्र.सं | उम्मेदवारहरुको दर्ता नं. | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | MDX ०२ देखि MDX ५०१ सम्म | १७५ | श्री नारायणी नमुना माध्यमिक विद्यालय, भरतपुर, चितवन, केन्द्र (क) |
| २ | MDX ५०६ देखि MDX १०४७ सम्म | १७८ | श्री नारायणी नमुना माध्यमिक विद्यालय, भरतपुर, चितवन, केन्द्र (ख) |

**द्रष्टव्य:-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।

ख) प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन ।

ग) परीक्षा शुरु हुनु भन्दा २ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतीय सामाग्री निषेध गरिएको छ । परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

ङ) परीक्षामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ । साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

च) वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

**छ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।**

ज) परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

***द्रष्टव्य:- २ संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन)सम्बन्धी मापदण्ड , २०७७ (संसोधन सहित) अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।***

क) सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नुपर्नेछ ।

ख) कोभिड-१९ बाट तत्काल संक्रमित परीक्षार्थीहरुका लागि बिशेष परीक्षा केन्द्रको ब्यबस्था गरीने हुँदा सँक्रमित परीक्षार्थीहरु आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०५७-५२०३०२, ५२६८२२ र मोबाईल नंबर ९८५५०१९३०२ मा सम्पर्क गरी वा इमेल hetauda@psc.gov.np मा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनुहुन सूचित गरिन्छ ।

| | | |
|---|---|---|
| (कान्तिराज मैनाली)<br>नायब सुब्बा | (सुरेश साह)<br>कम्प्युटर अपरेटर | (केशव शर्मा)<br>उप-सचिव |